# Living the Lotus 6

## Buddhism in Everyday Life

2025
VOL. 237



**उत्तरी क्यालिफोर्निया २०२५ चेरी ब्लसम फेस्टिवल**

**उत्तरी अमेरिकामा रिस्सो कोसेई-काई सदस्यहरू**

**सान फ्रान्सिस्कोमा भव्य परेडमा**











**Living the Lotus**
**Vol. 237 (June 2025)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्य बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो ।यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

*President's Message*

# "मातापिता सेवा" भनेको के हो त ?

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## घृणा नगर्ने द्वन्द ननिम्ताउने

"मातापिताको सेवा गर्छु भन्दा वहाँहरु छैनन्, चिहानको ढुङ्गालाई  ओड्नी ओडाइदिनुको के अर्थ ?' भनेर लेखिएको एक स्मृती स्तम्भ छ। आफ्ना मातापिताहरु जिउदोमा चाही राम्रो हेरचार गर्न नसकेको भन्ने कुराको पछुतोको भावना एस वाक्यमा उधृत छ। र "हो त यो त सचो कुरा हो नि" भनेर टाउको हल्लौने पनि होलान। तर "ढुङ्गामा ओड्नी ओडाउन मिल्दैन" भने पनि केहि पनि गर्न नपर्ने चाही होईन जस्तो लाग्छ।

मैले गतमहिना भने झै यो ब्रह्मन्डको सुरुदेखी नै अहिलेसम्म यो बृहत जिवनको इतिहासमा कतै पनि केहि नभएर अटुट जोडिएको कर्मद्वारा चलेको यो जिवनको रिले रेसले गर्दा हामी जिवन पाएका हौ र हामीले 'मातापिताको सेवा' भन्ने कुरा सोच्दा वहाँहरु र अरु पितृद्वारा आफ्नो जिवको मुल पएको हो भन्ने कुरा बुझी भबिष्यमा आफुले के गर्न सक्छु त भनेर प्रश्न गर्नु पर्ने कुरा पनि हो।

साथमा जापानि भाषामा यो सेवा भन्ने अर्थ लाग्ने शब्द भनेको पुरानो र सन्तान भन्ने जोडिएर बनेको हुन्छ मतलब आफ्ना पूर्वज र भबिष्यका सन्तान 'निरन्तर' भएर महत्वपुर्ण कर्मद्वारा बन्धन भएको कुरा जनाउने गरेको छ र मातापितालाई हरदम सेवा गर्ने भन्दा पनि अझ गहिरो अर्थ लुकेको छ भन्दा फरक नपर्ला।

तैपनी कन्फ्युससको एक 'ग्रन्थ' मा 'सेवा' भनेको के हो भन्ने कुरामा कन्फ्युससले 'मातापिताले आफ्ना छोराको रोगलाई चिन्ता गर्नु (मातापिता जो कोही आफ्ना सन्तान प्रती अलि धैरै चिन्तित हुन्छन नै) भनेर बुझ्न सक्ने गरी सेवाको अर्थ बताएका थिए तर फेरी यो जापानि भाषामा रोगको चिन्ता भन्ने शब्दमा पनि रोग बाहेक घृणा, लोभ अनि क्लेश भन्ने अर्थ पनि हुन्छ भनेर याशुओका माशाहिरो गुरुले भनेका छन कि 'रोग भनेको द्वन्द' भनेर पनि।

## मातापिता हेला पनि हत्या सरह

गरिबिबाट बचाउने या बाढीपीडितलाई सहयोग गर्ने जस्ता बोधिसत्व कर्म गरेर सम्मनित ज्ञोउकिको एक कबितामा 'पहाडी चरा चिर्चिर गर्दा पिताको याद अनि माताको याद' भन्ने छ। आफ्ना बितेका मतापिताको भरपुर यादले भरिएको कुरा यो चराको चिर्बिरद्वारा समझना आएको यो एक मार्मिक र मुटु छुने सुरुको छन्द हो।

हामीहरु कहिलेकही एस्तो भावनामा डुब्ने गर्छौ तैपनी अर्कोतिर भने आफुलाई जन्म दिएका मातापिताप्रतिको कृतज्ञता बिर्सेर आफ्नो रुपदेखी असन्तोश र आफुले चाहेको जस्तो नभएमा आफ्नो जिवनप्रती बिलाप गर्ने गर्छौ। तर तेस्तो गर्नु भनेको त आफुले पाएको प्राणप्रती कृतज्ञ नभएर मातपितालाई हेला गरेको जस्तो कुरा हो। र एस्तो कुरालाई सोतो जेन समुदायका गुरु योगो सुइगनले "हत्या गर्नु सरह" भनेर भनेका छन। योगो सुइगन गुरुले "ब्रहमान्ड भरी प्राण" छ र तेस्लाई लिएर जिउने हामी सबै बुद्धत्व भएका नै हौ र तेस्बाट कोही टाढा छैनन र कुनै पनि जिवन या अस्तित्व अर्थहिन छैन भनेर भनेका छन। एस्तो आफु या आफ्नो प्राणलाई "एस्तो भएन उस्तो भएन" भन्ने कुरा मुल प्राणलाई नबुझे हत्या या धर्मनाश मतलब हामी बुद्धधर्म मान्नेले गर्नु पर्ने पन्चशिला को अहिंशा उलंघन हुने जानेछ।


यो अर्थमा रिस या असन्तुष्टी जस्ता क्लेश देखिने कुरालाई सकेसम्म दबाएर अरुसँग द्वन्द नगरि आफ्नो बुद्धत्वमा बिश्वास गरी सर्बचिजमा बुद्ध (सत्य) को कर्म छ भन्ने कुरालाई बिनम्र रुपमा लिन सकेमा मात्र हाम्रोनिम्ती साचो मातापिताको सेवा हुन जान्छ। साथमा मानव लगाएत यो बृहत प्रकृतिको कार्य कहिले पनि नअडी निरन्तर अघी बढ्ने, बिकसित अनि निर्माण हुनु नै एसको नियम भएकोले आफुलाई बिकसित गर्नुको साथमा भबिष्यका कर्णधार "मानव रोपण" गर्ने कुरा पनि हाम्रानिम्ती अति महत्वपुर्ण जिम्बेवारी हो। यो पनि भुतबाट भबिष्यसम्म जारी रहने प्राणको अनन्त कृयालाई जोड्न सेवा हो जस्तो लाग्छ।

र एसमा मुख्यत "इमान्दारिता र करुणा" महत्वपुर्ण हुन्छ र अहिलेसम्म भनेको कुरालाई मनन गर्छु भन्ने कुरा हो। खासमा, स्विकृति, इमान्दारिता र करुणा लाई हरदिन अभ्यास गर्दा साचोरुपमा महत्वपुर्ण अनि शान्तिपुर्ण आत्माहरु जारी भएर फैलिनेछन।






# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp